# मिति २०८० साल जेष्ठ २६ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय

**प्रस्तावित विषयहरु:**

१. समिक्षा सम्बन्धमा।
२. ५ शैय्या अस्पतालको ठेक्का म्याद सम्बन्धमा।
३. जग्गा प्राप्तिको आंशिक भुक्तानी तथा रजिष्ट्रेशन पास सम्बन्धमा।
४. आयोजनाको कार्य अनुमोदन गर्ने सम्बन्धमा।
५. शुरक्षित नागरिक आवाश कार्यक्रम सम्बन्धमा।
६. स्थानीय शिक्षा ऐन, २०७५ पहिलो संशोधन, २०८० सम्बन्धमा।
७. कार्यविधि सम्बन्धमा।
८. अघिल्लो आर्थिक बर्षहरुको बेरुजु सम्बन्धमा।
९. सर्वपक्षिय भेला सम्बन्धमा।
१०. विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७८/७९ बाट सञ्चालित Construction of 5 Bedded Multi Storey RCC Hospital Building (Type-3) आयोजनाको सम्झौता अनुसार विभिन्न कारणबाट समयमा सम्पन्न हुन नसकेको व्यहोरा सहित सम्बन्धीत निर्माण व्यवसायीबाट मिति २०८०/०२/०८ गते निवेदन प्राप्त भएकोले सो निवेदनको जाँचबुच गर्दा ठेक्का म्याद थप गर्न मनासिब देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १२० तथा प्रचलित कानूनको अधिनमा रही मिति २०८० चैत्र मसान्त सम्म ठेक्का म्याद थप गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका गठन भए पश्चात गाउँ कार्यपालिकाको भवन लगायतका संरचना बनाउने कार्यको लागि तत्कालिन अवस्थामा गाउँ कार्यपालिकालाई जमिनको आवश्यकता भई गाउँ कार्यपालिकाबाट जग्गा छनौट समिति तयार गरी जमिन दिन चाहाने महानुभावहरुलाई निवेदन दिने शिलशिलामा ओखलढुंगा जिल्ला साविक यसम गा.वि.स. वडा नं. ५ हाल लिखु गाउँपालिका, ओखलढुंगा वडा नं. ४ बस्ने गणेश बहादुर खत्रीका छोरा भक्त बहादुर

खत्री (नागरिकता प्रमाणपत्र नं. १७२१/१५३३)को अविवाहित छोरी विमला खत्रीले मेरो पिता हाल घरमा नभएकोले पिताजिको आज्ञाले उँहाको नाममा दर्ता श्रेष्ता कायम रहेको म नजिकको हकदार भई हकभोग गरेको र कसैलाई कुनै प्रकारको हकभोग हस्तान्तरण नगरिएको साविक यसम गा.वि.स. वडा नं. ३ को कित्ता नं. ७७ को २-८-३-३ रोपनि क्षेत्रफल मध्ये पश्चिम तर्फबाट २-०-०-० रोपनि क्षेत्रफलको जग्गा प्रति रोपनि रु. १,००,०००।०० (अक्षरुपी एक लाख मात्र) कायम गरी भक्त बहादुर खत्रीले गाउँ कार्यपालिकालाई रजिष्ट्रेसन पास गरिदिने भनि रु. ५०,०००।०० (अक्षरुपी पँचास हजार) तथा साविक यसम गा.वि.स. वडा नं. ५ को कित्ता नं. ७६ क्षेत्रफल ४-६-०-२ रोपनि मध्ये उतर पुर्व तर्फबाट १-०-०-० रोपनि (एक रोपनि) र दक्षिण पश्चिम तर्फबाट ०-७-०-० आना (सात आना) क्षेत्रफलको जग्गा प्रति रोपनि रु. १,७५,०००।०० (अक्षरुपी एक लाख मात्र) कायम गरी रजिष्ट्रेसन पास गरिदिने भनि रु. ७३,०००।०० (अक्षरुपी त्रिहत्तर हजार) लिखतम् गरी निज बिमला खत्रीले बुझिलिएता पनि गाउँ कार्यपालिकाले जग्गा रजिष्ट्रेसन पासको लागि पटक पटक अनुरोध गर्दा समेत जग्गा रजिष्ट्रेसन पास हुन नसकेको अवस्थामा हाल निज भक्त बहादुर खत्रीले गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित भई गाउँ कार्यपालिकाले चर्चा राखेको उल्लेखित जग्गा तत्काल पास गरिदिन अदालतमा मुद्दा बिचाराधिन रहेको कारणबाट नसकेकोले सो समस्या सुल्झिए पश्चात कित्ता नं. ७७ बाट २-८-३-२ रोपनिको पुरै क्षेत्रफल तथा कित्ता नं. ७६ बाट १-७-०-० रोपनि क्षेत्रफलको जग्गा रजिष्ट्रेशन पास गरिदिने शर्तमा हाल यस जग्गाको मूल्यांकन समसामयिक बढेकोले आजको निर्णय पश्चात पछी मूल्य नबढ्ने गरी प्रति रोपनि ३,००,०००।०० (अक्षरुपी तीन लाख मात्र) को दरले कायम गरी हाल मूल्यांकनबाट कायम हुने रकमको ७५% बराबर हुन आउने रकम तत्काल भुक्तानि गरी अव उपरान्त गाउँ कार्यपालिकाले उल्लेखित जग्गामा भवन निर्माण लगायतका कार्यहरु गर्दा बाधा नगर्ने गरी जमिन रजिष्ट्रेशन पास गरिदिन निज भक्त बहादुर खत्रीलाई मंजुरी गराई व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७९/८० को वडा नं. ४ मा विनियोजित ओख्ले, बेसिटोल, बांगेपिपल सडक स्तरोन्नति आयोजना शिर्षकमा सोहि सडक खण्डको शम्शेरडाँडासम्म स्तरोन्नति कार्य सम्पन्न भएकोले सो कार्यलाई अनुमोदन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा वडा समितिको सिफारिस अनुसार देहायका लाभग्राही कायम गरी सुरक्षित नागरिक आवाश कार्यक्रम कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

| क्र.स. | लाभग्राहीको नाम थर | वडा नं. |
|---|---|---|
| १ | लाल बहादुर कार्की | १ |
| २ | मखमलि वि.क. | १ |
| ३ | रेवन्त बहादुर बोगटी | १ |

| | | |
|---|---|---|
| ४ | चम्फामाया अछामि थापा मगर | २ |
| ५ | नेत्रमाया बुढाथोकी | २ |
| ६ | सुन्तला खड्का | २ |
| ७ | रुद्र बहादुर मंग्राती | ३ |
| ८ | नबराज जोगी | ३ |
| ९ | राधिका ढुंगेल | ३ |
| १० | प्रेम बहादुर कार्की | ४ |
| ११ | शंकर कटवाल | ४ |
| १२ | ऐत बहादुर लोहार | ४ |
| १३ | कोपिला खत्री | ५ |
| १४ | महेन्द्र बहादुर काफ्ले | ५ |
| १५ | नरमाया रुपाचा | ९ |
| १६ | रुद्र बहादुर मगर | ८ |
| १७ | राम बहादुर बिष्ट | ८ |

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा विधेयक समितिबाट पेश स्थानीय शिक्षा ऐन, २०७५ को पहिलो संशोधन बिधेयक, २०८० स्वीकृत गरी गाउँ सभा विधायन समिति मार्फत आगामि गाउँ सभामा परितको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा विधेयक समिति तथा कार्यालयबाट स्वीकृतिको लागि पेश देहाय कार्यविधि तथा प्रस्तावहरु स्विकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

क) सामुदायिक सिकाई केन्द्रमा परिचालक व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, २०८०

ख) लिखु गाउँपालिकाको स्थानीय सेवाका कर्मचारीको तहबृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८०

ग) संस्था दर्ता ऐन, २०७५ तथा सोको नियमावलिको अधिनमा रही आमा समूह दर्ता तथा परिचालन गर्न उपयुक्त हुने देखिएकोले आमा समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि जारी गर्नु नपर्ने ।

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा अधिल्लो आर्थिक बर्षहरुमा महालेखा परिक्षकबाट बेरुजु कायम रहेका बेरुजुहरुको प्रतिवेदन यस बैठकमा प्रस्तुत भयो । सम्बन्धीत व्यक्ति तथा संस्थालाई बेरुजु फर्छौटको लागि तत्काल पत्रचार गर्न तथा असुलि बेरुजु लेखिएको व्यक्ति तथा संस्थालाई यस कार्यालयबाट भुक्तानि दिन बाँकि रहेमा कट्टा गर्न मिल्ने भुक्तानिबाट कट्टा गरी अशुल उपर गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा आगामि आर्थिक बर्ष ०८०/८१ को नीति तथा कार्यक्रम र बार्षिक बजेट निर्माणमा राय, सल्लाह संकलनको लागि सर्वपक्षिय भेला मिति २०८०/०३/०१ गते आव्हान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१०. **निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।